**लिंगको आधारमा गरिने भ्रुणहत्या**

**– लक्ष्मण अधिकारी**

विश्वभर बालबालिकाको समान अधिकारको कुरा उठिरहेको सन्दर्भमा नेपाललगायत दक्षिण एसियाका राष्ट्रमा लैंगिक भेदभाव गरी भ्रुणहत्या गर्ने प्रचलन बढ्दै गएको छ । एउटी छोरी जन्मिएपछि गर्भमा अर्की पनि छोरी नै आएको भए नजन्माई गर्भपतन गराउने उद्देश्यले भ्रुणको लिंग परीक्षणका लागि दिल्ली गएका ३४ वर्षीय एक बाबुले भने- दिल्लीको एउटा नर्सिङहोममा गर्भाशयको पानी झिकेर परीक्षण (एम्नियोसेन्थेसिस) गराउँदा फेरि पनि छोरी नै छ भनिदियो । त्यहाँ गर्भपतन गराउँदा खर्च बढी हुने भएकाले काठमाडौंकै एक क्लिनिकमा टाइम लिएको छु, चार हजारमा गरिदिने भएको छ । उनले भने- छोरीलाई बिहे गरेर पठाउनुपर्छ, आखिर बुढेसकालमा पाल्ने त छोरै रहेछ । त्यसैले अब छोरी हुने भए नपाउने विचार गरेको ।

त्यस्तै जाउलाखेलको अल्का पोलिक्लिनिकमा अल्ट्रा साउण्डमार्फत् गर्भको शिशुको लिंग परीक्षण गराउन पुगेकी एक महिलाले आफ्ना तीनवटी छोरी भइसकेको र अब पनि छोरी पाउँदा घरमा धेरै आलोचना हुने र छोरी धेरै हुँदा उनीहरूको बिहेदान गर्न कठिन हुने भएकाले छोरी भए नपाउने विचारले आएको बताइन् । उनका अनुसार छोरा भनेको वंश चलाउने र मर्दा पनि काजकिरिया गरेर पार गराउने जात हो । उनले रु. १५ सय तिरेर अल्ट्रासाउण्डबाट लिंग परीक्षण गरेको बताइन् ।

श्रीमतीको गर्भमा छोराछोरी के छ पत्ता लगाई छोरी भए गर्भपतन गराउने उद्देश्यले राजविराजबाट विराटनगर नर्सिङ होममा आएका झा थरका युवकले भने- पहिला २ वर्षकी छोरी छ अब हरौं के हुन्छ । छोरा भए मात्र पाउने विचार छ ।

झापाबाट अल्ट्रासाउण्ड गर्न भनी विराटनगरको आनन्द अल्ट्रासाउण्ड क्लिनिकमा आएकी बाहुन जातकी एक महिलाले परीक्षण सकेपछि बेडमा बस्दै डाक्टरलाई सोधिन्- के छ डा' साब ? घरमा के-के छन् भन्ने डाक्टर आनन्द आचार्यको प्रश्नमा उनले २ छोरी भएको बताइन् । डा. आचार्यले जे भए पनि बच्चा राम्रो अवस्थामा छ छोराछोरी छुट्याउन आवश्यक छैन भन्नासाथ ती महिलाले पैसा तिरिसकेको छ किन नभन्ने भनेर विवाद गर्न थालिन् ।

हाल नेपालका खासगरी तराई तथा सहरी क्षेत्रका थुप्रै गर्भवती महिलाले अल्ट्रासाउण्ड तथा एम्नियोसेन्थेसिसबाट गर्भको शिशुको लिंग परीक्षण गराउने र त्यसमध्ये धेरैले छोरी भएमा गर्भपतन गराउने गरेको पाइएको छ । यसरी गर्भपतन गराउँदा असुरक्षित गर्भपतनका कारण आमाकै मृत्यु हुने, अनावश्यक रूपमा धन-सम्पत्तिको खर्च हुने र यो प्रवृत्तिले समाजमा छोराछोरीको भेदभावले अझ प्रश्रय पाउने देखिएको छ ।

डा. आनन्द आचार्यका अनुसार एम्नियोसेन्थेसिस ८ देखि ९ हप्तासम्म गर्भको पानी निकालेर परीक्षण गर्ने प्रविधि हो । यो शिशुको जेनेटिक स्थिति, क्रोमजोमको पत्ता लगाई शिशुको स्वास्थ्यस्थिति पत्ता लगाउन गरिने परीक्षण हो । यसको दुरुपयोग गरेर लिंग परीक्षण गरी छोरीको हत्या गर्नेजस्तो आपराधिक कार्यलाई सघाउने कार्यमा लगाइएको छ ।

उहाँले एम्नियोसेन्थेसिस प्रविधि नेपालमा नभएको र नेपालका केही औषधि पसल, क्लिनिक, नर्सिङहोम आदिले एजेन्टका रूपमा काम गरी गर्भवती महिलाहरूलाई लिंग परीक्षणका लागि सिलगुढी, गोरखपुर कोलकाता, दिल्ली, मुम्बई पठाउने गरेको र कोही आफैं जाने गरेको जानकारी दिनुभयो ।

भारतमा भएको एक अध्ययनअनुसार यो प्रविधिबाट लिंग पहिचान गर्ने कार्य शतप्रतिशत भरपर्दो छैन । करिब ९५ प्रतिशतसम्म मात्र भरपर्दो मानिएको छ । अहिले नेपालमा अल्ट्रासाउण्डबाट गर्भको शिशुको लिंग पहिचान गरी छोरी भएका अवस्थामा गर्भपतन गराउने प्रचलन बढी भएको पाइएको छ । अल्ट्रासाउण्ड गर्ने वीर अस्पतालका डाक्टर सुधारप्रसाद अधिकारीले आफूकहाँ आउने गर्भवतीमध्ये वीर अस्पतालमा करिब २०-२५ प्रतिशतले कान्तिपुर अस्पतालमा झन्डै ७० प्रतिशत र जनकपुरमा करिब ९५ प्रतिशतले गर्भमा छोराछोरी के भनेर भनिदिन आग्रह गर्ने गरेको बताउनुभयो । यस्तै रेडियोलोजिष्ट डा. आनन्द आचार्यको क्लिनिक विराटनगरमा आउने गर्भवतीमध्ये करिब ९० प्रतिशतजति र लुम्बिनी अञ्चल अस्पतालका रेडियोलोजिष्ट डा. मुकुन्दराज पन्थीको क्लिनिकमा आउने गर्भवती महिलामध्ये झन्डै ५० प्रतिशतले सोही जिज्ञासाका लागि आउने गरेको, कोसी अञ्चल अस्पतालका रेडियोलोजिष्ट डा. यज्ञराज पाठककहाँ दैनिक औसत २-३ जना र वीरगञ्ज उपक्षेत्रीय अस्पतालका रेडियोलोजिष्ट डा. शिवशंकर यादवको क्लिनिकमा दैनिक औसत ४-५ जना गर्भवती महिला गर्भको शिशुको लिंग पहिचानसम्बन्धी जिज्ञासा लिएर आउने गरेको कुरा बताउनुभएको छ ।

यीबाहेक अरू थुप्रै रेडियोलोजिष्टहरूको क्लिनिकमा स्थलगत भ्रमण तथा सम्पर्क गर्दा त्यहाँ आउने गर्भवती महिलामध्ये अधिकांशले यस किसिमको जिज्ञासा राख्ने गरेको र तीमध्ये धेरैको उद्देश्य छोरी भए गर्भपतन नै गर्ने रहेको पाइएको छ । यस्ता रेडियोलोजिष्टहरूमध्ये बढीमा १० प्रतिशतले लिंगबारे नबताउने गरे पनि अधिकांशले बढी पैसा लिएर लिंग किटान गरिदिने र

केहीले सामान्य रेटअनुसार लिएर नै लिंग किटान गरिदिने गरेको पाइएको छ । अल्ट्रासाउण्डबाट लिंग पहिचान गरिए तापनि यो शतप्रतिशत भरपर्दो नहुने र अमेरिकामा पनि यो प्रविधि ३ प्रतिशत असफल रहेको पाइएको छ । रेडियोलोजिष्ट डा. मुकुन्दराज पन्थी भन्नुहुन्छ- गर्भ रहेको ४ महिना पूरा भएपछि अल्ट्रासाउण्डबाट धेरैजसो शिशुको लिंग थाहा पाउन सकिन्छ तर कहिलेकहीं बच्चाको बसाइको स्थिति, गर्भको पानीको अवस्थामा तथा स्त्री शिशु भएको अवस्थामा छिट्टै थाहा पाउन कठिन हुन्छ ।

खासगरी तराई र सहरी क्षेत्रमा बसोबास गर्नेहरूले गर्भको शिशुको लिंग पहिचान गर्न बढी चासो राख्ने गरेको पाइन्छ । पुरुषहरूको हैकम बढी चल्ने परिवार, छोरा नभई स्वर्ग पुगिन्न भन्ने अन्धविश्वास भएका, छोरालाई सम्पत्तिको रूपमा र छोरीलाई बोझका रूपमा हेर्ने परिवार, दाइजो, तिलक दिनुपर्ने परिवारहरूमा छोरीलाई गर्भमै पहिचान गरी हत्या गर्ने गरेको पाइन्छ ।

भ्रुणको लिंग पहिचान मेडिकल इथिक्सको विरुद्ध भएको र यस्तो कार्यले बालिकाको जन्मने अधिकार नै कुण्ठित हुने, समाजमा लिंगभेदको स्थिति अझ बढ्ने भएकाले डाक्टर तथा अभिभावकहरूले पनि यस्तो कार्य गर्नु/गराउनु नहुने कुरा नेपाल मेडिकल काउन्सिलका रजिष्टार डा. अनिलकुमार मिश्र बताउनुहुन्छ ।

समाजशास्त्री डा. कृष्णबहादुर भट्टचन भन्नुहुन्छ- लिंग परीक्षण गरेर भेदभाव गरी छोरी भए गर्भपतन गराउने कार्य ठूलो अपराध हो । यस्तो अपराध सरकार तथा नागरिक समाजले पनि हुन दिनुहुँदैन । छोरीलाई गर्भपतन गराउने कार्यले हाम्रो समाजमा पितृसत्ताको शक्ति देखाउँछ र पितृसत्ता कति जब्बर रहेछ भन्ने देखाउँछ । यस किसिमको प्रवृत्तिले समाजमा विभिन्न विकृतिहरू ल्याउने भएकाले यो गर्ने/गराउनेलाई कारवाही गर्नुपर्छ ।

यस्तै डा. मीना आचार्य भन्नुहुन्छ- नजन्मँदै छोरीलाई पहिचान गरेर गर्भपतन गराउनु लैंगिक भेदभावको चरमोत्कर्ष हो, यो तुरुन्तै रोकिनुपर्छ । मानवअधिकार आयोगका सदस्य प्रा. कपिल श्रेष्ठको विचार छ- बालिकाको जन्मने अधिकार नै हरण गर्नुहुँदैन । यो मानवअधिकारसँग सरोकार राख्ने विषय हो । व्यक्तिको जन्मन पाउने अधिकार कसैले हनन गर्नुहुँदैन । यदि कुनै डाक्टरले यसरी लिंग पहिचान गर्छ भने उसको प्रमाणपत्र नै खारेज गरिदिनुपर्छ । बेलायत, अमेरिकामा पनि यसरी नजन्मँदै लिंग किटान गरी भन्न पाइँदैन । यस कार्यले समाजमा ठूलो असन्तुलन ल्याउँछ ।

यस सम्बन्धमा प्रतिनिधिसभा जनसंख्या तथा सामाजिक समितिका सदस्य डा. वंशीधर मिश्र भन्नुहुन्छ- अल्ट्रासाउण्ड गरी लिंग पहिचान गरी भनिदिने डाक्टरहरूले नैतिक तथा सामाजिक अपराध गरिरहेका छन् । यस्तो कार्य गर्नु नहुने कुरा विश्वव्यापी मान्यता नै हो । यसलाई कानुनीरूपमा अपराध घोषित गरी यस्तो कार्य गर्ने/गराउने दुवैलाई कारवाही गर्नुपर्छ ।

*ततत*

*संचारिका लेखमाला/संचारिका समूह*

**व्यावसायिक सेवाले महिलाहरूको उद्योगलाई सहयोग पुऱ्याउँछ**

**– जमुना उलक**

एलएन केमिकल इण्डष्ट्रिज प्रा.लि. बानेश्वरकी व्यवस्थापिका नानु राजभण्डारी डिटर्जेन्ट झोल साबुन उत्पादन गर्छिन् । कुनै प्रकारको व्यावसायिक परामर्शबिना नै उनले सन् १९९९ मा कुल पुँजी रु. ३ लाख ५० हजारको लागतमा उक्त इण्डष्ट्रिज स्थापना गरेकी हुन् । अहिले उनले छ जनालाई जागिर दिएकी छिन् । हाल उनले चालु पुँजीको व्यवस्थापन आर्थिक योजना, उत्पादन र उत्पादकत्व व्यवस्थापनको तालिम लिएकी छिन् । उनी भन्छिन्- उक्त तालिम लिएपछि मलाई आफ्नो व्यवसायको आर्थिक विश्लेषण गर्न र पहिलेभन्दा बढी वैज्ञानिक ढंगले व्यवसाय सञ्चालन गर्न मद्धत पुगेको छ । पहिले मलाई लेखा राख्न र आर्थिक योजना बनाउन मेरो लेखापालमाथि भर पर्नुपर्थ्यो । तर, अहिले म चालु पुँजीको अनुमान गर्न र आर्थिक योजनाको पुनर्विचार गर्न सक्षम छु । अहिलेको प्रतिस्पर्धात्मक समयमा व्यवसायलाई निरन्तरता दिन र फस्टाउनको लागि बजारसम्बन्धी जानकारी, बजार व्यवस्थापन कच्चा पदार्थको खरिद, व्यावसायिक परामर्श र ऋण लिनको लागि व्यवसाय सेवा आवश्यक पर्दछ । अप्सरा फेसन लेडी टेलर्स, डिल्लीबजारकी लक्ष्मी पाण्डे भन्छिन्- ग्राहकहरूको रुचि र रोजाइ बदलिइरहन्छ । उनीहरूको बदलिंदो चाहनालाई पूरा गर्न फेसन बजारसम्बन्धी जानकारी तथा सीप तथा नयाँ डिजाइनको लागि व्यवसाय सेवालाई अद्यावधिक राख्न जरुरी छ । लागत, मूल्य र बजार व्यवस्थापनसम्बन्धी तालिमले उनलाई ग्राहकहरूसँग व्यावसायिक रूपमा व्यवहार गर्न र उनको सेवाको वास्तविक लागतको अनुमान गर्न मार्गदर्शन गऱ्यो । उनी भन्छिन्- लागत र मूल्यसम्बन्धी तालिम लिएपछि मात्र उनलाई आफ्नो सेवाको मूल्य निर्धारण गर्दा उनले उक्त सेवामा लगाएको समयको गणना गर्नुपर्ने

आवश्यकताको महसुस भयो। उनले व्यवसाय दर्ता गर्न आवश्यक कानुनी ज्ञान, ऋणसम्बन्धी जानकारी तथा आर्थिक व्यवस्थापनसम्बन्धी तालिमप्रति पनि चासो देखाइन्।

सूर्य पिकल, सीतापाइलकी मालिक चन्द्रावती तुलाधार गत चार वर्षदेखि प्याकेट खाना र अचारहरू बनाउँदै आएकी छिन्। उनी आफ्ना उत्पादनहरू खुद्रापसलेमार्फत् बेच्छिन्। तर, उनलाई ती उत्पादनहरूलाई बचाइराख्ने (प्रिजर्भेटिभ) प्रविधि, प्याकेजिङ र बोटलबन्द गर्ने कार्य सधैं समस्याग्रस्त रह्यो। कैयौंपटक त प्रिजर्भेटिभको समस्याले गर्दा खुद्रापसलेहरूले उनका सामानहरू फिर्ता पनि गरे र हालै मात्र उनले नेपाल महिला उद्यमी संघद्वारा आयोजित खाद्य संरक्षण (विशेष गरी अचार र अन्य स्वदिष्ट व्यञ्जन) सम्बन्धी तालिम प्राप्त लिइन्। उनी भन्छिन्- उक्त तालिमले मलाई अचार र अन्य खाद्यवस्तुलाई कसरी सुरक्षित राख्न सकिन्छ भन्ने ज्ञान दियो। अब आफ्ना उत्पादनहरू अझ बढी स्वस्थकर, सुरक्षित र राम्रोसँग बोटलबन्द हुने कुरामा उनी ढुक्क छिन्। त्यसरी नै विभिन्न प्रदर्शनीहरूमा सहभागी भएपछि आफ्ना उत्पादनहरूलाई स्वदेशी बजारमा प्रवर्द्धन गर्नमा सहयोग पुगेको कुरा उनी व्यक्त गर्छिन्।

कालिमाटीस्थित उपहार तथा स्टेसनरी पसलकी लिली अर्यालको विचार पनि अन्य महिला उद्यमीसरह नै छ। श्रेस्ता प्रणाली र बजार व्यवस्थापनसम्बन्धी साक्षरता तालिम लिएपछि उनमा आत्मविश्वास यति बढेको छ कि उनी स्वतन्त्र रूपमा त्यस्तो व्यवसाय गर्न सक्ने भएकी छिन्। उनको विचारमा त्यस्ता तालिमहरू व्यवसायमा संलग्न महिलाहरूको आत्मविश्वास बढाउन सहयोगीसिद्ध हुनेछन्। उनी भन्छिन्- यदि यस्ता तालिमहरू र सहुलियतपूर्ण ऋण पाएमा थुप्रै बेरोजगार युवायुवतीहरू जोसँग ग्राहकहरूसँग व्यवहार गर्न र व्यापार सञ्चालन गर्ने आत्मविश्वासको कमी छ उनीहरूले पनि स्वतन्त्ररूपले व्यवसाय सञ्चालन गर्न सक्नेछन्। यसरी उनीहरू जागिर खोज्नभन्दा व्यवसाय गर्न उत्प्रेरित हुनेछन्।

त्रिपुरा जोशी, जोशी टेलरिङ सेन्टर भोटाहिटीकी महिला उद्यमी हुन्। नमुना फेसन इन्स्टिच्युट महाराजगञ्जबाट केही महिना पहिले उनले डिजाइन विविधीकरण र गुणस्तरयुक्त सिलाइसम्बन्धी प्रशिक्षण लिएपछि महिला परिधानको डिजाइन र सिलाइको गुणस्तर बढेको बताउँछिन्। आजभोलि उनका ग्राहकहरूले गुनासो गर्दैनन्। र, अब उनी सामान्य व्यवसाय व्यवस्थापन र बजार व्यवस्थापनसम्बन्धी प्रशिक्षण प्राप्त गर्न उत्सुक छिन्।

माथि उल्लेखित प्रायजसो सबै महिला उद्यमीहरूले व्यवसाय सेवा खरिद गरेका छन् र उनीहरूले यस्ता तालिमले व्यवसायको विकासमा योगदान गर्दोरहेछ भन्ने महसुस पनि गरेका छन्। विशेषगरी महिलाहरूलाई व्यवसायतर्फ आकर्षित गर्नको लागि यस्ता सेवा आवश्यक छन् भन्ने उनीहरूको ठहर छ।

यद्यपि धेरै महिला उद्यमीहरूलाई यस्ता व्यवसाय सेवा उपयोगी छ भन्ने नै थाहा छैन। त्रिपुरा जोशी र लक्ष्मी पाण्डेजस्ता कैयन महिला उद्यमीहरूलाई यस्ता सेवाको खाँचो छ तर उनीहरूलाई यसप्रकारको सुविधा कहाँ र कसरी पाइन्छ भन्ने थाहा छैन। र, धेरैलाई विन (डब्लूईएईएन) बाहेक अन्य संघसंस्थाहरूले पनि यो सेवा उपलब्ध गराउँछन् भन्ने नै थाहा छैन।

चन्द्रावती तुलाधरले विनको सदस्य रहेकी आफ्नी नातेदारबाट यस किसिमको प्रशिक्षणको बारेमा जान्ने अवसर पाइन्। लिली अर्यालले पनि सुरुमा त संगिनीबाट नै थाहा पाइन् र पछिचाहिं आफैंले सिधै विनबाट जानकारी लिइन्। विनको बारेमा धेरै कुरा थाहा नभए पनि लक्ष्मी पाण्डेले भने विनबाट के-कस्तो प्रशिक्षण दिइन्छ भनेर जानकारी लिइन्। त्रिपुरा जोशीलाई भने विनसँग आबद्ध भएका सदस्यहरूले नै यस्ता तालिमबारे थाहा दिएका थिए। नानु राजभण्डारी भने विनकै सदस्य भएकीले उनलाई यस्तो जानकारी पाउन कठिन भएन।

उद्यमीहरूको बढ्दो मागले गर्दा निजीक्षेत्रका पेसेवारहरू व्यवसाय सेवा केन्द्र खोल्न उत्साहित भएका छन्। व्यवसाय सेवाको आपूर्तिलाई झट्ट हेर्दा स-साना अर्धसरकारी निकायजस्तै घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग विकास समिति, औद्योगिक प्रतिष्ठान विकास इन्स्टिच्युटका अलावा अन्य निजी संस्थाहरू पनि छन्। साना व्यवसायीहरूलाई सेवा दिने संस्थाहरूमा व्यवसाय विकास केन्द्र (सिबड) विजपोर्ट/लोटस होल्डिङस्, विजिनेट, व्यवसाय परामर्श समूह, साना उद्योग विकास केन्द्र, प्राविधिक तथा व्यवस्थापन केन्द्र, मानुषी आर्टस् एण्ड ऋचाफ्ट्स् र नेपाल महिला उद्यमी संघ (विन) आदि रहेकाछन्।

एकातर्फ यस्ता संस्थाहरूले आफ्ना सेवाको बारेमा ग्राहकहरूलाई आश्वस्त पार्न आवश्यक रूपमा बजार व्यवस्थापन गर्नुपर्ने देखिन्छ भने अर्कोतर्फ केही यस्ता संस्थाहरूले महिला उद्यमीहरू पनि उनीहरूको संभाव्य ग्राहक हुन सक्छन् भन्ने महसुस गर्नुपर्दछ। उनीहरूको सोचाइमा महिला उद्यमीहरूमा त्यस प्रकारको सेवा खरिद गर्न सक्ने क्षमता हुँदैन भन्ने छ। तर स्वीस कन्टचाक्टअन्तर्गतको साना उद्योग प्रवर्द्धन योजनाले मार्च २००२ मा गरेको एक अध्ययनले यसलाई गलत सावित गरिदिएको छ। तयारी व्यवसाय सेवाको खोजीमा थुप्रै महिला उद्यमीहरू छन् तर उनीहरूलाई त्यस्तो सेवा कहाँ पाइन्छ भन्ने जानकारी नै छैन।

स्वीस कन्टयाक्ट साना उद्योग प्रवर्द्धन योजनाले मार्च २००२ मा गरेको अध्ययनअनुसार अधिकांश महिला उद्यमीहरूले बजार व्यवस्थापन, व्यावसायिक जानकारी, डिजाइन परामर्श, व्यवस्था कला, लेखा तथा आर्थिक योजनासम्बन्धी सेवाको आवश्यक रहेको निष्कर्ष निकालेको छ ।

उक्त अध्ययनले ४६ जना महिला उद्यमीमध्ये २६ जनाले ३ पटकभन्दा बढी तालिमलगायत अन्य व्यावसायिक सेवा लिइसकेको देखाएको छ । यसले पनि के प्रष्ट पारेको छ भने महिला उद्यमीलाई व्यवसाय सेवाको आवश्यकता अन्य उद्यमीहरूलाई भन्दा बढी नै छ । एकातिर यस्ता संस्थाहरूले महिला उद्यमीहरूको मागअनुसार व्यावसायिक सेवा दिनुपर्छ भने अर्कोतिर प्रभावकारी रूपले महिला उद्यमीहरूलाई यस्ता व्यावसायिक सेवा दिने संस्थाका बारेमा जानकारी दिनु आवश्यक छ ।

*ततत*

*संचारिका लेखमाला⁄संचारिका समूह*

**बालिका अधिकारका लागि नेपालको कानुन**

**– अनन्तराज लुइँटेल**

अठार वर्षीया नाइजेरियाली सुन्दरी अग्वानी डारेगोले यस वर्षकी विश्वसुन्दरी घोषणा हुँदा पुरस्कारस्वरूप आफूले प्राप्त गर्ने अढाई लाख अमेरिकी डलर विश्वभरका असहाय तथा बालबालिकाको हितको निम्ति खर्च गर्ने घोषण गरेकी छिन् । कालाजातकी ती आफ्रिकी महादेशकी विश्वसुन्दरीले गरेको यो घोषणाले संसारभरका बालिकाको स्थितिबारेमा तीतो यथार्थताको पनि चित्रण गरेको छ, यद्यपि उनी पनि बालअधिकारसम्बन्धी महासन्धिले गरेको व्यवस्थाअनुसार वयस्क भइसकेकी छैनन् । नेपालका बालबालिकाको कानुनी अवस्थाको चर्चा गर्दा नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय सन्धिसम्झौताहरू, कानुनहरू र सम्मेलनहरूले पारित गरेका प्रस्तावनाहरू प्रोटोकलहरूले पनि नेपाली बालबालिकाको कानुनी स्थिति तथा उनीहरूको हकअधिकारको ग्यारेन्टी गरिदिएको छ । केही विशेष समस्याहरूको अलावा बालिकाअधिकारसम्बन्धी कानुन यथेष्ट छन् । यद्यपि उनीहरूलाई प्रदान गरिएका हकअधिकारहरूको कार्यान्वयन हुन नसकेको अवस्था छ ।

नेपालले बालबालिकासम्बन्धी ऐन २०४८ तथा अन्य विभिन्न ऐनहरूले बालबालिकालाई विभिन्न किसिमका अधिकारहरूको व्यवस्था गरेको छ । आमाको गर्भमा आएपछि जन्मन पाउनेदेखि लिएर सो ऐनले जन्मेपछि एउटा नागरिकको रूपमा बाँच्न पाउने सबै किसिमका अधिकारको ग्यारेन्टी गरिएको छ । त्यसका अतिरिक्त बालबालिकालाई शिक्षा, स्वास्थ्य, उपचार तथा आफूमाथि लागेको आरोपको सुनुवाइको मौका उपलब्ध गराउने र वकिल राखेर आफ्ना कुराहरूको सुनुवाइ गराउन पाउने अधिकार पनि सो ऐनले दिएको छ । बिनास्पष्ट कारण जेलमा बस्नुपर्नेलगायतका अधिकारहरूको पनि सो ऐनले बालबालिकाको लागि ग्यारेन्टी गरिदिएको छ । एउटा स्वतन्त्र नागरिकको हैसियतले बाँच्न पाउने अधिकार प्रत्येक बालबालिकालाई प्रदान गरिएको छ । तापनि नेपाली बालिकाहरू आमाबाबुले कैद भुक्तान गरिरहेको अवस्थामा शिक्षा, स्वास्थ्यलगायतका अधिकारहरूबाट वञ्चित बनेर जेल बसिरहेको प्रतिवेदन पनि सरकारी तथा गैरसरकारी नियकाहरूले विभिन्न समयमा प्रकाशित गर्दै आएका छन् । बालबालिकासम्बन्धी ऐनले अलपत्र परेका बालबालिकालाई सुधारगृहमा राखेर उनीहरूलाई अध्ययन गर्ने अवसर प्रदान गरिनुपर्ने व्यवस्था गरेको छ । १६ वर्षभन्दा कम उमेर भएका व्यक्तिलाई नेपाल कानुनले जेलमा राख्न नपाउने, बाल इजलासको गठन गरेर उनीहरूका विरुद्धको मुद्दाका सुनुवाइको व्यवस्था गरेको छ ।

नेपाल स्वयं पनि बालअधिकारसम्बन्धी महासन्धि १९८९ को पक्षधर मुलुक भएको र सो महासन्धिलाई नेपालले १४ अक्टोबर १९९० देखि अनुमोदन गरेको नाताले उक्त महासन्धिले निषेध गरेको कामकारबाही रोक्नेतर्फ सरकारले पहल गर्नुपर्छ । उक्त महासन्धिले बालबालिकालाई अभिव्यक्ति स्वतन्त्रतादेखि लिएर संघसंगठन खोल्न र उनीहरूको विरुद्धमा परेको आरोपको विरुद्धमा उचित सुनुवाइको व्यवस्था गरिनुपर्नेसम्मका अधिकारको ग्यारेन्टी गरिदिएको छ । उक्त महासन्धिमा बालबालिकालाई अपमानजनक व्यवहार गर्न नपाइनेदेखि लिएर उसमाथि एउटा सम्मानजक नागरिकको रूपमा व्यवहार गरिनुपर्ने व्यवस्था गरिएको छ । सो महासन्धिले बालबालिकालाई मृत्युदण्ड वा आजीवन कारवासको सजाय दिनु नहुने, उसका कुनै पनि स्वतन्त्रताको अपहरण भएमा स्वतन्त्र र सक्षम अदालतबाट सुनुवाइ हुनुपर्ने तथा बालबालिकाको मुद्दा हेर्नेको लागि छुट्टै बालअदालतको व्यवस्था गरिनुपर्ने पनि गरेको छ । महासन्धिको सो व्यवस्थालाई बालबालिकासम्बन्धी ऐन २०४८ ले त अवलम्बन गरेको छ, तर हालसम्म पनि उनीहरूको विरुद्धमा परेका उजुरीहरूको उचित सुनुवाइको व्यवस्था गरिएको छैन । बालअदालत गठन हुन सकेको छैन, तर पनि २०५७ साल वैशाख १ गते सरकारले नेपाल राजपत्रमा एउटा सूचना जारी गरेर बालबालिका वादी प्रतिवादी भएको मुद्दाहरूको बाल इजलास गठन गरी सुनुवाइ गर्न तोकेको छ । हाल नेपाल अधिराज्यका ७५ वटै जिल्ला अदालतहरूले बालबालिका पक्षमा भएका मुद्दाको सुनुवाइ बाल इजलासहरूबाट नै गरिरहेका छन् ।

नेपाल अधिराज्यको संविधान, २०४७ ले गरेको परिकल्पनाअनुसार नेपालमा महिला, बालबालिका र अशक्तको हकहित गर्ने तथा उनीहरूको विकासका लागि विशेष व्यवस्था गर्न विशेष प्रकारको ऐन बनाएर व्यवस्था गर्न सकिने व्यवस्था गरेको छ। संविधानमा सो व्यवस्था भए तापनि त्यसप्रकारको पहल अहिलेसम्म सरकारको तर्फबाट भएको छैन। पछाडि परेका बालबालिकाको विकासको लागि सरकारले विशेष व्यवस्था गर्नुपर्नेमा सो व्यवस्था नभएकाले संविधानको मर्म पूरा हुन सकेको छैन। नेपाल अधिराज्यको संविधानको धारा ११ ले सबैमाथि समानताको हकको व्यवस्था गर्नुका साथै अशक्त, महिला, बालबालिकाको हितको लागि विशेष व्यवस्था गर्न सकिने ग्यारेन्टी गरेको छ, तर पनि सरकारी तवरबाट त्यसप्रकारका कामहरू नहुनु विडम्बनापूर्ण मानिएको छ।

नेपालमा शिक्षाको हकलाई संवैधानिक तथा मौलिक हकको रूपमा लिइएको भए तापनि त्यसको पनि प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। खासमा भन्ने हो भने शिक्षा पाउने हकलाई यसरी संविधानले नै समेटेको अवस्थामा सरकारले प्रभावकारी कदम चालेको पाइएको छैन। संविधानको मर्म पूरा गर्नको लागि माध्यमिक तहसम्म निःशुल्क शिक्षाको व्यवस्था भएर मात्र पुगेको छैन। बालिकालाई सो तहसम्म अनिवार्य शिक्षा हासिल गर्ने व्यवस्था पनि गरिनुपर्ने देखिएको छ। केही प्रजातान्त्रिक मुलुकहरूले शिक्षाको हकलाई अझै पनि मौलिक हकको मान्यता दिइसकेका छैनन्। हाम्रो वर्तमान संविधानले त्यसलाई मौलिक हकको मान्यता दिएको छ। तर पनि शिक्षाको स्तर बढेको छैन। नेपालको छिमेकी मित्रराष्ट्र भारतमा अझै पनि शिक्षाको हकलाई मौलिक हकको रूपमा स्वीकारिएको छैन, तर पनि त्यहाँ यो हकलाई बाँच्न पाउने हकको रूपमा स्वीकारिएको छ। भारतमा चर्चित बन्दकमुक्ति मोर्चाको को मुद्दामा सन् १९९३ का त्यहाँको सर्वोच्च अदालतले बाँच्न पाउने अधिकारभित्र शिक्षासम्बन्धी अधिकार पर्ने फैसला गरेको थियो। युनिनी कृष्णले भारत सरकारको विरुद्ध दायर गरेको रिट निवेदनमा गरेको अर्को एउटा फैसलालाई शिक्षासम्बन्धी अधिकारको विषयमा ऐतिहासिक फैसलाको रूपमा लिइन्छ। सो फैसलाले शिक्षाको हकलाई पनि बाँच्न पाउने हकको रूपमा स्वीकार गरेको मात्रै छैन, संविधानको मकसद पूरा गर्नको लागि शिक्षासम्बन्धी हकको ग्यारेन्टी गरिनुपर्ने भन्ने आदेश पनि अदालतले सरकारलाई दिएकाले आज पनि सो फैसलालाई उत्तिकै महत्वका साथ मातहतका अदालतबाट स्वीकारिएको छ। सो फैसलामा १४ वर्षसम्म निःशुल्क पढ्न पाउने व्यवस्था गरिनुपर्ने आदेश पनि भारत सरकारलाई अदालतले दिएको थियो। शिक्षाको अधिकारको प्रभावकारी कार्यान्वयन हुन नसकेको अवस्थामा संविधानले परिकल्पना गरेको कल्याणकारी राज्यको स्थापना हुन नसक्ने फैसलामा बोलिएको थियो। हाम्रो वर्तमान संविधानको धारा १८ ले नै शिक्षाको अधिकारको ग्यारेन्टी गरिदिएको छ, तर पनि सरकारले सबै नागरिकको लागि समान रूपमा शिक्षा आर्जन गर्न पाउने व्यवस्था गरेको छैन। त्यसको लागि सरकारले पूर्वाधारहरूको पनि विकास गर्न सकेको छैन।

नेपाल अधिराज्यको संविधानको धारा २२ ले नेपाली नागरिकलाई कुनै किसिमको शोषण गर्न नपाउने र नाबालकलाई कारखाना, खानी र उद्योगजस्ता ठाउँमा काम लगाउन नपाउने गरी खोजिमपूर्ण काममा लगाउन प्रतिबन्ध लगाएको छ। नेपालले अनुमोदन गरेको बालबालिकासम्बन्धी महासन्धिको धारा ३८ ले सशस्त्र संघर्षमा बालबालिकाको प्रयोगमा बन्देज लगाएको छ, तर पनि नेपालमा विगत करिब ६ वर्षदेखि भूमिगत संघर्ष गर्दै आएको माओवादी पक्षले बालबालिकाको अत्यधिक प्रयोग गरिरहेको छ। उनीहरूको सशस्त्र आक्रमणमा परी कैयौं बालबालिकाको मृत्यु पनि भइसकेको अवस्थामा नेपालका बालबालिकाको हक सुरक्षित छ भन्ने अवस्था छैन।

*ततत*

*संचारिका लेखमाला/संचारिका समूह*

**शान्ति प्रक्रियामा महिला सहभागिता**

**– बबिता बस्नेत**

सन् १९९५ मा चीनको राजधानी बेइजिङ्गमा सम्पन्न चौथो विश्व महिला सम्मेलनले १२ वटा महिला सरोकारका विषयहरू पारित गऱ्यो, जसमा सरोकारको एउटा विषय थियो- 'महिला र सशस्त्र विद्रोह'। तर नेपालको सन्दर्भमा भने यो विषय त्यतिबेला कुनै चासोको विषय थिएन। महिला र स्वास्थ्य, गरिबी, शिक्षा, राजनीति, अर्थतन्त्र, वातावरण, सञ्चार आदि सबै विषयहरूले नेपालको सन्दर्भमा अत्यन्त सरोकार राख्दथे तर 'महिला र हातहतियारको प्रयोग' या सशस्त्र विद्रोह हाम्रो निम्ति सरोकारको विषय थिएन। तर अहिले मुलुकको परिस्थिति बदलिएको छ। विगत छ वर्षदेखि सुरु भएको सशस्त्र माओवादी गतिविधिका कारण धेरै महिला र बालबालिकाहरू त्यसबाट प्रभावित भएका छन्। त्यसो त, जब कुनै पनि मुलुकमा सशस्त्र संघर्ष सुरु हुन्छ त्यसको असर हरेक व्यक्ति र क्षेत्रलाई पर्दछ तर त्यसबाट सबैभन्दा बढी प्रभावित भने महिला र बालबालिकाहरू हुने गर्दछन्। नेपालको सन्दर्भमा पनि त्यस्तै भएको छ। अहिले दुर्गम जिल्लाका धेरैजसो गाउँहरू युवाविहीन भएका छन्। कतिपय गाउँमा बूढाबूढी, केटाकेटी र महिलाहरू मात्र भएकाले घर छाउने, हलो जोत्ने र मलामी जाने काममा पनि महिलाहरू अग्रसर हुनैपर्ने अवस्थाको सिर्जना भएको छ। केही वर्षअघिसम्म हामीकहाँ महिलाहरूले लाश छुनै नहुने, घरको

धुरीमा चढ्न नहुने र हलो जोत्न नहुने मान्यता राखिन्थ्यो। तर अहिले बाध्यताले त्यो मान्यतालाई तोडिएको छ र गाउँमा महिलाहरू घरभित्र, बाहिरको सबै काम आफ्नै टाउकोमा लिन बाध्य भएका छन्। यसबाट उनीहरूमा कामको बोझ मात्रै बढेको छैन, आफन्तहरू टाढिनुको पीडा पनि त्यत्तिकै छ। र, त्यो भन्दा पनि ठूलो त्रास त परिवारका सदस्यहरू माओवादी या सुरक्षा निकाय जहाँ भए पनि कहाँ, कतिबेला, कुन दुर्घटना सुन्नुपर्ने हो भन्ने कुराको छ।

बेइजिङ सम्मेलनले पारित गरेको घोषणापत्रमा विवाद समाधान गर्ने निर्णायक तहमा महिला सहभागिता वृद्धि गर्ने, हिंसाग्रस्त क्षेत्रमा बसोबास गरिरहेका महिलाहरूको बसोबासलाई संरक्षण गर्ने, शान्तिलाई बढावा दिंदै हिंसाग्रस्त क्षेत्रमा हुने मानवअधिकार उल्लंघनमा रोक लगाउने, शान्ति कायम गर्न महिला सहभागितालाई प्रोत्साहन गर्ने र हिंसाग्रस्त क्षेत्र छाड्न बाध्य शरणार्थी महिलाहरूलाई संरक्षण एवं सहायता प्रदान गर्ने रणनीतिहरू तय गर्ने कुरा उल्लेख गरिएको छ। जसमा नेपालले पनि आफ्नो प्रतिबद्धता व्यक्त गरेको छ। तर उक्त प्रतिबद्धताअनुरूप कार्य भएको भने पाइँदैन। तसर्थ सशस्त्र संघर्षमा महिला र बालबालिकामाथि हुने हिंसा रोक्नका निम्ति राज्यपक्षबाट पहल गरिनु अत्यन्त आवश्यक देखिन्छ। संयुक्त राष्ट्रसंघीय महिला विकास कोष (युनिफेम) की अफिस इन्चार्ज संगीता थापा भन्नुहुन्छ- कुनै पनि मुलुकमा शान्ति स्थापनाका निम्ति महिलाको सहभागिता आवश्यक छ र महिलाको अवधारणाबाट शान्ति प्रक्रियालाई हेरिनुपर्दछ भन्ने मान्यता युनिफेमको छ। हातहतियारको विरोध गर्ने र शान्ति स्थापना गर्ने सम्बन्धमा निर्णय गर्ने अधिकारबाट महिलालाई वञ्चित गराइनुहुँदैन। हिंसात्मक गतिविधिबिना नै कुनै पनि कुराको विरोध गर्न सकिन्छ र महिलाहरू शान्तिपूर्ण विरोधलाई महत्व दिन्छन् भन्ने कुरा विश्वव्यापी मान्यताजस्तै बनेको छ। केही अपवादलाई छाडेर भन्ने हो भने महिलाहरू समग्रमा शान्ति चाहन्छन्।

शान्ति स्थापना नभए विकासका सम्पूर्ण प्रयासहरू धराशायी हुने तथ्यलाई हृदयगंम गरी युनिफेमले शान्ति निर्माणमा महिलाको भूमिकालाई महत्व दिंदै आएको छ। आफ्ने ५२ वर्षको इतिहासमा सन् २००० मा बसेको संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को बैठकले महिला र शान्तिसुरक्षालाई प्रमुख मुद्दा बनाएको थियो। त्यतिबेला परिषद्ले युनिफेमलाई उक्त बैठकलाई सहयोग गरिदिन तथा सम्बोधनसमेत गर्नका निम्ति आग्रह गरेको थियो। उक्त ऐतिहासिक बैठकबाट पारित १८ बुंदे प्रस्तावमा युनिफेमले विश्वभरि कार्य गर्न सुरु गरेको छ। साथै सन् १९९९ को संयुक्त राष्ट्रसंघीय साधारणसभाद्वारा पारित प्रस्तावले पनि सबै प्रकारका शान्ति निर्माणका गतिविधिमा लैंगिक दृष्टिकोण समावेश गरी विभिन्न कार्यहरूको थालनी गर्नुपर्ने आवश्यकतालाई जोड दिइएको छ। संगीता थापा भन्नुहुन्छ- युनिफेमले प्रत्येक दुई वर्षमा विश्वभरिका महिलाहरूको अवस्था र प्रगतिको बारेमा पुस्तिका प्रकाशित गर्ने गरेको छ। सन् २००२ को संस्करणमा सशस्त्र विद्रोहले महिलाको जीवनमा पारेको प्रभावको बारेमा पनि उल्लेख गरिनेछ। साथै शान्ति निर्माणमा र विवादको रोकथाममा महिलाको सहभागिता कसरी बढाउन सकिन्छ भन्ने विषयमा पनि चर्चा गरिनेछ। मानवअधिकार तथा शान्ति समाजका अध्यक्ष कृष्ण पहाडी भन्नुहुन्छ- शान्ति प्रक्रियामा महिलाको सहभागिता र सक्रियताको कुरा गर्दा शान्ति प्रक्रियाका निम्ति गरिने वार्तामा पनि महिलाको सहभागिता हुनु जरुरी छ। महिला हकहितका निम्ति कार्यरत संस्थाहरूले यो कुरालाई आफ्नो एजेण्डाको रूपमा अगाडि ल्याउनुपर्दछ।

दक्षिण एसियाली क्षेत्रमै बढ्दो सशस्त्र विद्रोहको सन्दर्भमा शान्ति प्रक्रियाको थालनी महिलाको अवधारणाबाट हुनुपर्ने आवश्यकता ठानी युनिफेमले दक्षिण एसियाली शान्ति अध्ययन संस्थान ९क्यगतज ब्कष्बल धफ्भलुक क्ष्लकतष्तलतभ ायच उभबअभ क्तगमष्भक० को स्थापनाका निम्ति पनि पहल गरिरहेको कुरा पनि संगीता थापाले बताउनुभयो। नेपालको परिप्रेक्ष्यमा पनि शान्ति प्रक्रियामा महिलाको सहभागिता अत्यन्त आवश्यक देखिन्छ। तसर्थ सम्बन्धित पक्षले बेइजिङ घोषणपत्रलाई मध्यनजर गरी महिलाको अवधारणाबाट शान्ति प्रक्रियाको थालनी गर्नु जरुरी भइसकेको छ।

*ततत*

*संचारिका लेखमाला/संचारिका समूह*

**शोभाले किन पढ्न पाइनन् त ?**

**–तारा अर्याल**

सात वर्षकी शोभा अधिकारी बिहान उज्यालो हुनासाथ आमासँगसँगै उठ्छिन्। उनको घरमा एउटी आमा र चार जना भाईबहिनीहरूबाहेक अरू कोही पनि छैन। शोभाका बाबु २/४ पैसा कमाउन अन्यत्रै गएका छन्। उनले फुटपाथमा सानोतिनो व्यापार पनि गर्न थालेका छन्। बिहान उठेर एक वर्षकी बहिनीलाई पिठ्यूँमा बोक्नु र ३ वर्षकी बहिनीलाई हेर्नु शोभाको दिनचर्या नै बनेको छ। गाईवस्तुलाई पानी दिने, गोबर सोर्ने, घरदैलो लिपपोत गर्नेजस्ता कामहरू सिध्याउँदा शोभाकी आमा शैलजा अधिकारीलाई बिहान बित्न खोज्छ। घरको कामधन्दा सिध्याएपछि शैलजा टुसुक्क पिंढीमा बस्छिन् र सानी छोरीलाई हतारहतारमा दूध चुसाउँछिन्। त्यसपछि काखकी छोरीलाई पनि शोभाकै काखमा राखिदिएर उनी घाँस काट्न बारीतिर दौडन्छिन्।

उता शैलजाले बिहान साढे नौ बज्दा शोभालाई स्कुल पठाउनुपर्छ। तर कहिलेकाहीं त शैलजा घाँस काटेर घर आइपुग्दा नै साढे नौ बज्न लागेको हुन्छ। उनले जोडतोडले आगो फुक्छिन् र जतिसक्दो छिटोछिटो गरेर ढिंडो पकाउँछिन्। तरकारी पाक्न भने भ्याउँदैन। गोंलभेडा पिनेर हतारले चट्नी बनाउँछिन्। अनि त्यही चट्नीसँग ढिंडो खाएर स्कुल पुग्दा शोभाको कक्षामा मिस पसिसक्नुभएको हुन्छ। मिसले शोभालाई सोध्नुहुन्छ- शोभा ! तिम्रो घरमा आजभोलि उज्यालो हुन छाड्यो ? शोभा मुन्टो निहुराउँछिन्, सबै साथीहरू गलल्ल हाँस्छन्। त्यसपछि मिसले सबै विद्यार्थीहरूको होमवर्क चेक गर्न थाल्नुहुन्छ। पहिलो लहरबाट सबै विद्यार्थीहरूले एकएक गर्दै आ-आफ्नो होमवर्क मिसलाई बुझाउँछन्। पछिल्लो लहरमा बसेकी शोभालाई होमवर्क देखाउन मिसले अगाडि बोलाउनुहुन्छ। उनी भूईतिर हेरेर बसिरहन्छिन्। मिसले उनलाई गाली गर्दै अगाडि आउन भन्नुहुन्छ। उनी अँध्यारो अनुहार लगाउँदै मिसका अगाडि आएर उभिन्छिन्। 'खै होमवर्क ?' मिसले रिसाउँदै प्रश्न गर्नुहुन्छ। 'लेखेकी छैन' शोभाले आफैंभित्र हराएको स्वरले भन्छिन्।

'किन नलेखेको ?' मिसले अरू ठूलो स्वर बनाएर हकार्दै सोध्नुहुन्छ। शोभा भने कुनै जवाफ दिन्नन्। उनी खालि मलिनो अनुहारले भूईतिर हेरेर उभिइ मात्रै रहन्छिन्। 'एक दिन होइन, दुई दिन होइन सधैंभरि यस्तै चाल हो यसको ... । यस्तो चालले पनि पढाइ हुन्छ ? यस्तै हो भने भोलिदेखि स्कुल नआए पनि हुन्छ... ।' यस्तै-यस्तै शब्द प्रयोग गर्दै मिसले शोभालाई गाला रातो हुनेगरी पिट्नुहुन्छ। शोभा मिसको गाली र पिटाइले थरर्र काप्छिन्। 'भोलि होमवर्क गर्ने कि नगर्ने ?' शोभाले हुन्छ भनेर सांकेतिक रूपमा टाउको हल्लाएपछि उनी त्यहाँबाट मुक्त हुन्छिन् र कुनै साथीहरूको मुखमा समेत नहेरीकन आफ्नो बेञ्चमा गएर बस्छिन्। यो व्यथा उनले एउटी मिसको कक्षामा मात्रै होइन, सबै सरहरूको कक्षामा भोग्नुपर्छ।

साँझ स्कुल छुट्टी भएपछि शोभा दिनभरिका घटनाहरूलाई सम्झँदै घर पुग्छिन्। साथीहरू पनि सबैले हेप्न थालेका छन्। धेरैले उनलाई जिस्काई मात्रै रहन्छन्। त्यसैले उनी प्रायजसो एक्लै हिंडिरहन्छिन्। बालमनोविज्ञानमा परेको यो बोझिलो चोट लिएर शोभा घरमा पुग्छिन्। उता आमा भने शोभाकै बाटो हेरेर बसेकी हुन्छिन्। स्कुल छुट्टी भएपछि सरासर घरमा पुग्दा पनि आमाले कति ढिलो आएकी भनेर उनलाई गाली गर्छिन्। शैलजालाई घाँस काट्न, पानी ल्याउन, कुटपिस गर्न, घरव्यवहार चलाउनका लागि घरछिमेकमा निस्कन आदिको लागि हतार भएको हुन्छ। शोभा घरमा पुग्नासाथ उनको काखमा बहिनी राखिदिएर 'खाजा भित्र छ झिकेर खा' भन्दै आमा आफ्नो काममा लाग्छिन्। शोभाको बहिनीहरू हेर्ने काम सुरु हुन्छ।

बहिनीलाई बिस्तारामा सुताएर शोभा होमवर्क लेख्न थाल्छिन्। तर ३ वर्षकी अर्की बहिनीले उनको पुस्तक नै च्यातिदिन्छिन्। पुस्तक च्यातेर अल्तालिंदै भागेकी बहिनीले खाजा खान ठिक्क पारेको थालको मकैसमेत पोखाइदिन्छिन्। उनलाई आफ्नो किताबकापी जोगाउन नै गाह्रो पर्छ। बहिनी त्यसै समयमा रुन थाल्छिन्। बहिनी रोएको आमाले थाहा पाउँछिन्। त्यसपछि बहिनीलाई बोकेर नडुलाएको भन्दै शोभालाई गाली गर्न थाल्छिन्, रोएकी बहिनीलाई फुल्याउन शोभा पिठ्यूँमा बोक्छिन् र वरपर डुलाउन थाल्छिन्। साँझ आमाले सबै कामधन्दा सकेर खाना पकाइसक्दा नौ बजिसकेको हुन्छ। खानपिन गरेर भाँडा सफा गर्दा/नगर्दा नै रातिको १० बज्छ। त्यसपछि मात्र शोभाले आफ्नो काखकी बहिनी आमालाई बुझाउँछिन्। स्कुलको पिटाइ, बहिनी हेर्दाको थकाइ शोभाले खप्न सक्दिनन् र होमवर्क गर्ने चाहना हुँदाहुँदै पनि उनी निदाइहाल्छिन्। त्यसपछि बिहानको समय अघिल्लो दिनको जस्तै भएर बित्दछ। अनि स्कुलको होमवर्क पनि सबै अघिल्लो दिनजस्तै...।

राजधानी काठमाडौंसँगै सिमाना जोडिएको नुवाकोट जिल्लाको मदनपुर गाउँ विकास समिति वडा नं. १ मा बसोबास गर्ने शैलजा अधिकारीकी जेठी छोरी शोभा अधिकारीले यसैगरी घर र स्कुलबाट दोहोर हिंसाको मार खेप्नु परिरहेको छ। फि तिर्नु नपर्ने स्थानीय श्री स्कुल डेभलपिङ फाउन्डेसन स्कुलमा केजीमा पढ्दै गरेकी शोभाले स्कुल पुग्दा-नपुग्दै मिस र सरहरूको गाली सुन्नु मात्रै पर्दैन, बारम्बार पिटाइ पनि खानुपर्छ भने स्कुलबाट घर फर्केपछि आमाको। शोभाले के कारणले राम्रोसँग पढेकी छैनन् र होमवर्क गरेर ल्याएकी छैनन् भन्ने कुरा बुझ्ने प्रयास मिस र सरहरूले गरेका छैनन्।

छोरीलाई घरमा पढ्ने, लेख्ने समय दिन नसक्नुमा भने शैलजाको बाध्यता छ। खानलाउन नपुगेकै कारण उनका लोग्ने फुटपाथमा व्यापार गर्न बाध्य भएका बताउँदै शैलजाले भनिन् ठूलीले यी केटीहरूलाई नहेरिदिने हो भने त घरमा रामराज्य नै हुन्छ। शोभाले घरमा लेखपढ गर्ने समय नपाएकै कारण स्कुलमा मिसको पिटाइ खानुपरेको कुरा पनि उनलाई थाहा छ। तर के गर्ने ? शोभाले यति गरिनँ भने उसले स्कुल जान पनि नपाउने स्थिति आउँछ। शैलजाले भनिन्, उनीहरूकै पेट भोको राख्न नपरोस् भनेर म चारतिर दौडन्छु र २/४ पैसाको जोहो गर्छु।

शोभालाई पढ्ने-लेख्ने वातावरण मिलाउनको लागि निकासका बाटाहरू अवरुद्ध बनेका छन्। ती अवरुद्ध बाटाहरूका बीचमा उनले घर र स्कुल दुवैतिरबाट प्रताडना भोगिरहेकी छिन्। शोभा अधिकारी त पढ्ने-लेख्ने उमेरमा आफ्नो अधिकार उपभोग गर्न पाउनुको सट्टा दोहोर हिंसा भोग्न बाध्य सयौं बालिकाहरूमध्येकी एउटी प्रतिनिधि बालिका मात्रै हुन्। अशिक्षा, अभाव, अन्धविश्वास र अचेतनशील समाजले शोभा अधिकारीजस्ता उज्ज्वल भविष्यलाई अवरुद्ध बनाइरहेका सयौं उदाहरणहरू छन्। जोखिममा परेका बालबालिकाहरूको उद्धारको निम्ति कार्यरत सिविनका महासचिव माधव प्रधान उक्त कुरामा सहमत हुनुहुन्छ। बालिकाहरू सर्वप्रथम घरमा बाबुआमाबाट नै अपहेलित हुने गरेको बताउँदै प्रधानले भन्नुभयो, समाजमा बालिकाहरूमाथि हुने

हिंसाको स्वरूप अलिक चर्को नै छ। बालिकाहरूलाई सानैदेखि घरधन्दामा पनि लगाउने र स्कुलसम्म पनि पठाउने संस्कृति विकास भएको वर्तमान अवस्थामा उनीहरू दोहोरो हिंसाको मारमा पर्नुपरेको कुरा पनि प्रधानले बताउनुभयो। बालिकाले के कारणले आफ्नो कार्य पूरा गर्न सकेनन् भन्ने कुरा नबुझीकनै सजाय दिने गरेको कुरा उल्लेख गर्दै प्रधानले स्कुलमा त्यस्ता विद्यार्थीहरूलाई घाँससम्म खुवाउने काम हुने गरेकोमा चिन्ता व्यक्त गर्नुभयो।

एक तथ्यांकअनुसार विद्यालयमा भर्ना भएका ६९ प्रतिशत बालबालिकाहरूमध्ये २९ प्रतिशत बालबालिकाले प्राथमिक शिक्षा पूरा गर्दा-नगर्दै विद्यालय छाडेका हुन्छन्। र, त्यसमध्येको करिब दुई तिहाई अंश बालिकाहरूको रहेको हुन्छ। स्कुल र घरमा दोहोरो हिंसा भोग्नुपरेकै कारण यसमध्येका धेरै बालिकाहरूले स्कुल त्यागिदिएका हुन्छन्। ल्याकको अध्यक्ष डा. शान्ता थपलिया बालबालिकाहरूले गर्न दिएको काम पूरा गरेका छैनन् भने सबैभन्दा पहिले शिक्षकले त्यसको कारण पत्ता लगाउनुपर्छ भन्नुहुन्छ।

पूर्वमन्त्री कमला पन्त धनी परिवारका बालिकाहरूमाथिको दमन अझ ज्यादा भएको बताउनुहुन्छ। पढेलेखेका परिवारबाट बालिकामाथि गरिँदै आएका व्यवहारले समाजको चिन्तनलाई सबैका सामु छर्लङ्ग पारेको छ। लिंगकै आधारमा महिला भएको कारण हेरिने हेय दृष्टिले गर्दा हाम्रो समाज चिन्तनमा सधैंभरि गरिब देखिएको छ- पन्तले भन्नुभयो।

*ततत*

*संचारिका लेखमाला/संचारिका समूह*

**बालिका अधिकारका लागि बालअदालतको आवश्यकता**

**– गगन विष्ट**

नेपालमा बालिकाको सर्वाङ्गीण विकास र कानुनी संरक्षणका निम्ति बनाइएका प्रचलित ऐन-कानुनको कार्यान्वयन पक्ष अत्यन्तै फितलो रहेको पाइएको छ। विद्यमान ऐन-कानुनमा बालिकाहरूको नैसर्गिक अधिकारको संरक्षण, सम्वर्द्धन र विकास गर्नको निम्ति कुनै छुट्टै कानुनी व्यवस्था गरेको पाइँदैन। बालबालिकाहरूको सर्वाङ्गीण विकास र कानुनी अधिकारको ग्यारेन्टी गर्न अहिले छुट्टै कानुनी व्यवस्था हुनुपर्ने महसुस आमरूपमा गर्न थालिएको छ।

नेपाल अधिराज्यको संविधान, २०४७ ले बालबालिकामाथि हुने अन्याय, अत्याचार र शोषणका विरुद्धमा स्पष्ट संरक्षणको व्यवस्था गरेको छ। संविधानको मर्मअनुरूप समाजमा बालिकामाथि हुने अनेकौं प्रकारका उत्पीडनहरूको अन्त्य गर्न राज्यले बालबालिकासम्बन्धी ऐन, २०४८ तथा बालबालिकासम्बन्धी नियमावली २०५१ को व्यवस्था गरेको छ। तर संविधान र ऐन-कानुनमा बालिकाको निम्ति मात्र भनेर छुट्टै कानुनी व्यवस्था गरिएको छैन। ऐन-कानुनमा बालबालिकालाई समान रूपमा हेर्नुपर्ने, बालक र बालिका भनेर भेदभाव गर्न नपाइने व्यवस्था गरिएको छ। विद्यमान ऐन-कानुनमा बालिकामाथि हुने अनेकौं प्रकारका शोषण र उत्पीडनलाई अपराधसरह मानिने कुरासमेत उल्लेख गरिएको छ।

बालबालिकाको अधिकारलाई संरक्षण गर्ने कुरामा संसारका एक सय ९१ राष्ट्रहरूले बालबालिकामाथि हुने उत्पीडनको अन्त्य गर्ने जाहेर गर्दै बालअधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघको विश्वव्यापी घोषणापत्रमा सहमति जाहेर गरे पनि बालबालिकाहरूमाथि हुने अत्याचारको न्यूनीकरण हुन सकेको देखिँदैन। सो घोषणापत्रलाई नेपालले पनि अनुमोदन गरिसकेको छ। तर नेपालमा अबोध बालबालिकाको कानुनी अधिकारको कार्यान्वयन पक्ष कमजोर भएकाले उत्पीडनका घटनाहरू घटिरहेको बताइन्छ।

कानुनका विज्ञहरू भन्छन्- बालबालिकाको जीवनरक्षा र शारीरिक एवं मानसिक विकास गर्न बनाइएका ऐन-कानुनहरूको कार्यान्वयन पक्ष अत्यन्तै कमजोर छ। ऐन-कानुनमा व्यवस्था गरिएको प्रावधानहरूले बालबालिकाको जीवनस्तरमा परिवर्तन ल्याउन भने सकेको देखिदैन।

प्रचलित ऐन-कानुनमा बालक र बालिकालाई समान रूपमा व्यवहार गर्नुपर्ने व्यवस्था गरिएकाले पनि बालबालिकाको अधिकारलाई पृथक रूपमा हेर्न सकिएको छैन। बालकले जति उत्पीडन खप्ने गरेका छन् त्यसभन्दा धेरैगुणा बढी बालिका उत्पीडित हुनुपर्ने बाध्यता छ। सामाजिक परिवेशका कारण उत्पीडित बालिकाहरूको सम्पूर्ण क्षेत्रमा पहुँच पुर्‍याउन र अधिकारको ग्यारेन्टी गर्न समाजको दायित्व प्रभावकारी रूपमा हुनुपर्ने देखिएको छ।

बालकलाई राम्रो र गुणात्मक शिक्षा दिइन्छ तर त्यस्तो गुणात्मक शिक्षाबाट बालिका वञ्चित हुनुपर्ने स्थिति छ। बालकलाई घरधन्दा गर्ने काम कम लगाउने गरिएको छ तर बालिकालाई भने घरधन्दामा पूर्णरूपमा संलग्न गराउने काम हुँदै आएको छ। सहज रूपले बालिकाले पढ्न-लेख्न पाउने स्थिति छैन भने बालिकामाथि हुने सामाजिक एवं घरेलु हिंसा त झन डरलाग्दो छ। श्रमशोषण र यौनदुर्व्यवहारबाट पीडितको पंक्तिमा पनि बालिका नै पर्ने गरेका छन्। सामाजिक कुरीतिको अन्त्य र विद्यमान ऐन-कानुनको कार्यान्वयन पक्ष प्रभावकारी बनाउन चेतनशील समाज र सिंगो राज्यको दायित्व भएको महसुस गरिएको छ।

बालिकाको अधिकार सम्बन्धमा महिला, बालबालिका तथा समाज कल्याण राज्यमन्त्री सुशीला स्वाँरको कथन छ- राज्यले बालिकाको लागि मात्र भनेर कुनै कानुन अहिलेसम्म बनाएको छैन र बालिकाको निम्ति छुट्टै कानुन बन्ने सम्भावना पनि तत्काल छैन। तर मूल कानुन र बालबालिकासम्बन्धी ऐन २०४८ ले बालबालिकालाई समान रूपमा कानुनी व्यवस्था गरेको छ। बालअधिकारसम्बन्धी विद्यमान कानुनको कार्यान्वयन भएमा बालिकामाथिको भेदभाव र उत्पीडनको अन्त्य हुनसक्छ।

सन् २००० को सेप्टेम्बरमा सम्पन्न संयुक्त राष्ट्रसंघको सहस्राब्दी शिखर सम्मेलनबाट पारित सन्धिपत्रहरूलाई नेपालले पनि स्वीकार गरेको छ र बालअधिकारको संरक्षण गर्ने प्रतिबद्धतासमेत व्यक्त गरेको छ। तर अन्तर्राष्ट्रिय क्षेत्रमा भएका सम्मेलनहरूमा व्यक्त गरिएका प्रतिबद्धताअनुरूप बालिकाहरूको कानुनी अधिकार र सर्वाङ्गीण विकास भने हुन सकेको छैन।

बालबालिकाहरूको अधिकारलाई सुरक्षित गर्न संयुक्त राष्ट्रसंघको घोषणापत्रमा जाहेर गरेको प्रतिबद्धताअनुरूप ऐन बनाउने काम सरकारले दस वर्षअगाडि गरिसकेको छ। यसबाहेक बालबालिकाको बचावट, विकास र संरक्षणको निम्ति तर्जुमा भएका कार्यान्मुखी योजनाहरूले नेपाल बालअधिकारको लागि प्रतिबद्ध छ भन्ने प्रष्ट हुन्छ। गएको वर्ष बालबालिकाहरूको सर्वाङ्गीण विकासको लागि तत्कालीन प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय महिला तथा बाल विकास परिषद् गठन गरिएको थियो। उक्त परिषद्ले बालबालिकाहरूबीचको भेदभाव हटाउन र समानुपातिक व्यवहारको विकास गर्नको निम्ति समाजलाई बाध्य भने पार्न सकेको देखिंदैन।

कानुन विज्ञ एवं वरिष्ठ अधिवक्ता वासुदेव ढुंगानाले नेपाली समाजमा बालकहरूभन्दा बालिकाहरू हरेक क्षेत्रमा कुनै पनि अवसरबाट वञ्चित हुने अवस्थामा रहेको बताउनुहुन्छ। बालिकाहरूको अधिकाररक्षाको निम्ति निश्चित र तोकिएको कानुनको आवश्यकता छ। सरकारले सार्कस्तरमा र संयुक्त राष्ट्रसंघको वडापत्रमा जाहेर गरेको प्रतिबद्धताअनुरूप भेदभावको अन्त्य गर्ने कदम चाल्नुपर्छ।

बालिकाहरूको विषयमा गरिएको विभिन्न अध्ययन-अनुसन्धानमा बालकभन्दा करिब ८० प्रतिशत बालिका आफ्नै घरदेखि समाजसम्म अपहेलित हुनुपर्ने र सम्पूर्ण अवसरबाट वञ्चित भएका देखिन्छन्। बालकहरू शिक्षालगायतका अवसरहरूबाट वञ्चित हुने स्थिति रहयो भने गरिबी, अभाव र पछौटेपनले भूमिका खेलेको हुन्छ। तर बालिकाको लागि भने गरिबीको कारणले अवसरबाट वञ्चित हुने स्थिति एकातिर छ भने अर्कोतिर सामाजिक र पारिवारिक परिवेसबाटै वञ्चित हुनुपर्ने अवस्था छ।

राज्यमन्त्री स्वाँर भन्नुहुन्छ, हामीकहाँ बालिकाको अधिकार रक्षा गर्न कानुनको अभाव छैन तर सामाजिक संस्कारलाई एकैचोटि परिवर्तन गर्न सकिंदैन। बालिकाहरूको स्थितिलाई माथि उठाउने काम समाजबाटै हुने हुँदा सामाजिक जनचेतनाको खाँचो छ।

बालबालिकाहरूलाई हुने उत्पीडनको सुनुवाइ गर्ने सरकारले प्रत्येक जिल्ला अदालतले मुद्दा हेर्न सक्ने गरी व्यवस्था गरेको छ। बालअदालतको नाममा आउने मुद्दाहरू अहिले जिल्ला अदालतले लिने गरेको छ। तर बालबालिकाहरूको लागि छुट्टै बालअदालतको गठन हुनुपर्ने माग पनि निरन्तररूपमा उठिरहेको छ।

अदालतमा पर्ने धेरैजसो बालिकाहरूका मुद्दाहरूमा बेचबिखन, यौनशोषण, श्रमशोषण, बाधा राख्ने, शिक्षाबाट वञ्चित गर्ने, खान-लाउन नदिनेजस्ता रहेका छन् भने बालकहरूको मुद्दामा श्रमशोषण गरेको घटनाहरू बढी छन्।

यसरी बालबालिकाहरूको कानुनी अधिकारको संरक्षण गर्न गठन गरिएको बालअदालतको भूमिका प्रभावकारी हुनसके मात्र अधिकार संरक्षित हुने देखिएको छ। बालिकाको अधिकार सम्बन्धमा नेपाल बाल मजदुर सरोकार केन्द्र (सिविन) का अध्यक्ष गौरी प्रधानले बालबालिकामाथि हुने शोषण अन्त्य नभएसम्म बालअधिकारको ग्यारेन्टी नहुने बताउनुहुन्छ।

समाजमा बालिकाहरू किन बढी पीडित छन् भन्ने कुराको पहिचानले मात्र बालिकाहरूलाई अधिकारसम्पन्न बनाउन सकिने तर्क विज्ञहरूको छ। बालिकाहरूमाथि हुने उत्पीडनको अन्त्य गर्न समाजले लामो समयदेखि व्यवहार गर्दै आएको धारणा र सोचमा परिवर्तन हुनुपर्ने खाँचो एकातिर देखिएको छ भने अर्कोतर्क सामाजिक क्षेत्रमा बालिकाहरूलाई हेरिने दृष्टिकोणमा सकारात्मक सुधार हुनु आवश्यक छ।

*ततत*

*संचारिका लेखमाला/संचारिका समूह*

**आफन्तैबाट पीडित छन् बालिकाहरू**

**– शुभेच्छा पन्त**

नयाँ सहस्राब्दीको सुरुवातसँगै मानवजीवन थुप्रै परिवर्तनहरू आए पनि यसले संसारको कुनै भागमा भने कुनै प्रभाव नपारेको पनि छ। नेपालका ग्रामीण बालिकाहरू बालकहरूसरह अधिकार, कानुनी र सामाजिकस्तर, खाना, शिक्षा र स्वास्थ्य सुविधाबाट वञ्चित छन्। बरु उनीहरूलाई समाजले पुरुषभन्दा कमसल छौ भन्ने गलत जानकारी दिइरहेको छ। गुणस्तर शिक्षाको पहुँच, उचित प्रकारको सिक्ने वातावरण, लैंगिक र सांस्कृतिक हिंसा, यौनदुर्व्यहार र बालश्रम आदि बालिकाहरूप्रति गरिने भेदभाव हुन्।

जन्मदेखि नै बालिकाप्रति भेदभाव सुरु हुन्छ। सहरी क्षेत्रमा पनि दम्पतीहरू छोरा नै जन्मियोस् भन्ने चाहन्छन्। छोराले पारिवारिक थरलाई निरन्तरता दिने, काजकिरिया गर्ने र कमाइ गर्ने भन्ने सामाजिक मान्यताले गर्दा यस्तो भएको हो। यसले गर्दा छोरी जन्माउनु लज्जास्पद हो भन्ने गलत धारणाको अन्त्य गर्न मुस्किल परेको छ। कतिपय स्थानमा त छोरी मात्र जन्माउने आमालाई अल्छिनीको संज्ञा दिइन्छ।

यसरी शैशवकालदेखि नै बालिकाहरूप्रति गरिने यस्ता व्यवहारले उनीहरूको भावी जीवन पनि भेदभावपूर्ण बन्छ। बालकलाई सामाजिक बनाउने कार्यको सुरुवात परिवारबाट हुन्छ र परिवारबाटै भेदभाव सुरु भयो भने उनीहरूमा नकारात्मक धारणाको विकास हुन्छ। तसर्थ समाजले बालक र बालिकाहरू समान हुन् भन्ने महसुस गरी उनीहरूप्रति समान व्यवहार गर्नुपर्दछ। लैंगिक समानता बाल्यकालदेखि नै सुरु हुनुपर्छ। ता कि बालिकाहरूले भविष्यमा उनीहरू पनि पुरुषसरह हुन् भन्ने महसुस गर्छन्।

बालिकाहरू बलात्कृत भएका र काका, भतिजा, दाजुभाइहरूबाट यौनदुर्व्यवहार गरिएका थुप्रै घटनाहरू अखबारमा छापिन्छन्। बलात्कारीलाई केही वर्षको जेलसजाय र आर्थिक दण्ड गरिन्छ। असमान सामाजिक स्तर, आर्थिक परनिर्भरता, अधिकारप्रतिको अज्ञानता र परिवारप्रतिको अत्यधिक प्रतिबद्धताले गर्दा नारीहरू यस्ता बलात्कारका घटनाहरूको खुलेर प्रतिवाद गर्न सक्दैनन्। समाजले पनि बलात्कृत हुनेकै गल्ती देखाउने र उनी र उनका परिवार नै लज्जित हुन्छन्। हामीले बलात्कारीलाई सजाय दिने र उसको बेइज्जत गर्नुपर्छ भन्ने महसुस गर्न जरुरी छ। कतिपय अवस्थामा बालिकाहरूलाई यौन-दुराचार भन्ने नै थाहा हुँदैन। तसर्थ सामाजिक संघसंस्थाहरूले उनीहरूलाई यौनशिक्षा दिनुपर्दछ।

यदि बालिकाहरू बलात्कृत भएमा गैरसरकारी संस्थाहरू र सरकारले त्यसमा चासो देखाउनुपर्छ। त्यस्तो अवस्थामा बालिकाहरूलाई भावनात्मक सहयोगको जरुरत पर्छ र समाजले यसमा सहयोग गर्नुपर्छ। कतिपय अवस्थामा उनीहरूलाई आफूमाथि के भइरहेको छ भन्ने नै थाहा हुँदैन र पछि थाहा भएपछि त्रसित हुन्छन्। बलात्कृत बालिकाका अभिभावकले ढाकछोप गर्नुहुन्न र बलात्कारीलाई सजाय दिनुपर्छ ता कि अन्य बालिकाहरूलाई त्यस अपराधबाट बचाउन सकियोस्।

बालिकाहरूलाई वेश्यावृत्तिमा संलग्न गराउनु अर्को विकराल समस्या हो। नेपालका अति विकट क्षेत्रमा बसोबास गर्ने विपन्न वर्ग जहाँ खान-लाउन पनि मुस्किल छ, त्यहाँका अभिभावकले नै पैसाको लागि छोरीहरू बेचिदिन्छन्। अधिकांश घटनामा केटी बेचबिखन गर्नेहरूले तिम्री छोरीलाई राम्रो जागिर लगाइदिन्छु भनी उसले पैसा पठाउन सक्छे भनेर फास्लाङफुस्लुङ पार्छन्। गरिबीले थिचिएका बाबुआमाले पैसा आउँछ भनेपछि छोरी पठाइदिन्छन्।

यस्तो विवशताको फाइदा उठाई कैयौं केटीहरूलाई भारत र मध्यपूर्वका विभिन्न वेश्यालयहरूमा लगी बिक्री गरिन्छ। तसर्थ ग्रामीण क्षेत्रका बासिन्दाको स्थिति नसुध्रेसम्म चेलिबेटी बेचबिखन रोकिँदैन। अभिभावकहरूले छोरीलाई आर्थिक बोझको रूपमा लिने हुनाले संघसंस्थाहरूले आयआर्जनसम्बन्धी योजना लागू गरी महिलाहरूले उत्पादन गरेका वस्तुहरू स्थानीय स्तरमै बेचबिखन गरी अभिभावकहरूलाई छोरीलाई बेच्नुभन्दा घरै राखे बढी आयआर्जन हुने र समाजमा प्रतिष्ठा पनि कायम हुने कुरा महसुस गराउनुपर्छ।

यसरी वेश्यावृत्ति उन्मूलन गर्न सकिन्छ भन्ने उदाहरण वादी समुदायमा काम गर्ने संस्था नेपालले दिएको छ। कैलाली जिल्लाको सत्तीका जवान महिलाहरूलाई स्वास्थ्य, शिक्षा तथा आयआर्जन गर्ने अवसर प्रदान गरी उनीहरूको वेश्यावृत्तिमाथिको निर्भरतालाई हटाइदिएको छ। पहिले महिलाहरूको कमाइमा निर्भर गर्ने युवकहरूले उक्त संस्था खोलेका छन्।

बालिकाहरूविरुद्ध गरिने भेदभाव अर्को टड्कारो रूपमा देखिने क्षेत्र शिक्षा हो। छोराछोरीलाई स्कुल पठाउने हैसियत भएका पहाडी क्षेत्रका बासिन्दाहरूले छोरालाई पढ्न पठाउँछन् तर ऊभन्दा कम उमेरकी छोरीलाई भने स्कुल नपठाई भाँडा मझाउँछन्। आइमाईको जात पतिको सेवा गर्न जन्मिएका हुन् भने सोच्ने आमाहरूलाई छोराछोरी समान हुन् भनी बुझाउन कठिन छ। छोरीहरू अनुशासित श्रीमती र बुहारी हुनुपर्छ भन्ने मान्यता राख्ने आमाहरू छोरीलाई स्कुल पठाउनुभन्दा घरमै राखी घरेलु कामधन्दा सिकाउनु श्रेयस्कर मान्छन्।

छोरीलाई पनि पढाउनुपर्छ भनी ती आमाहरूलाई सम्झाउनु मुस्किल छ तर असंभव भने छैन। विभिन्न संघसंस्थाबाट स्वयंसेवकहरू त्यस क्षेत्रमा गई त्यहाँको समुदायसँग घुलमिल भएर विस्तारै उनीहरूमा जनचेतना फैलाउने कार्य गरेमा त्यहाँका भावी गृहिणीहरूलाई स्कुल पठाउन अवश्य सकिन्छ।

शिक्षा विभाग र अन्य संघसंस्थाहरूले छात्रवृत्ति प्रदान गरी पिल्सिंदो गरिबीमा बाँच्न बाध्य भएका केटीहरूलाई पढ्न प्रोत्साहन गर्न सक्छन्। संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (यूएनएफपीए) का अनुसार श्रमबजारमा महिलाहरूको पहुँचले ढिलो विवाह गर्ने, कम सन्तान जन्माउने र विवाहपश्चात् आर्थिक निर्भरता प्रदान गर्छ जसले भावी सन्तति (छोरीहरू) लाई राम्ररी हुर्काउन मद्धत गर्छ।

महिलाहरू शिक्षित भए भने उनीहरूले गाउँका अन्य महिलाहरूको सोचाइमा पनि परितर्वन ल्याउन सक्छन् जसको कारणले उनीहरू आफ्ना छोरीलाई शिक्षा दिन थाल्छन् र यसको प्रत्यक्ष प्रभाव सम्पूर्ण समुदायमा पर्छ। तसर्थ बालिकाहरूको अधिकारको संरक्षण र संवर्द्धन गर्नुपर्ने धेरै क्षेत्रहरू छन्। अभिभावक, परिवार, समुदाय, संघसंस्था र सरकारी निकायले त्यस्तो किसिमको वातावरण तयार गर्नुपर्छ ता कि सम्पूर्ण बालिकाहरूले समान र सम्मानजनक सामाजिक जीवन जिउन सकून्।

*ततत*

*संचारिका लेखमाला/संचारिका समूह*

**नारीहरू एकदिन मात्र संसारबाट अलग्गिए भने के होला ?**

**– मोहिन्दु चेम्जोङ**

अठार वर्षीया सानुमाया आफ्नो सपना साकार पार्ने उद्देश्यले केही वर्षअघि काठमाडौं सहर छिरेकी थिइन्। राजधानी आएको दुई साताभित्रै उनका नातेदारले बम्बईमा राम्रो जागिर मिलाइदिने प्रलोभन देखाएर बम्बई पुऱ्याए तर त्यहाँ पुगेको दुई हप्तापछि मात्र सानुमायालाई आफू बेचिएको थाहा भयो। उनलाई त्यहाँको एक वेश्यालयमा रु. ३० हजारमा बेचिएको थियो।

निर्दोष अनुहार भएकी मीना काठमाडौंकै एक गार्मेन्ट कारखानामा काम गर्छिन् तर उनले रातदिन खट्दा पनि त्यसबाट दुई छाक भरपेट खाना जुटाउन उनलाई कठिन छ। त्यति मात्र हो र उनीभन्दा ठूला पुरुष सहकर्मीहरूले उनलाई यौनदुर्व्यवहार गर्छन्। पातलीलाई उनको जँड्याहा लोग्नेले रातदिन पिट्छ मानौं उनी पिटाइ खानकै लागि जन्मिएकी छन्।

छोरी भएकै कारण रेणु आफ्नो भाइ सुन्दरभन्दा निकै कम पोषिलो खानेकुरा खान पाउँछिन्। महिला भएको हुनाले कैयौं नारीहरूले समाजमा अपमानित जीवन व्यतित गर्न बाध्य छन्। जोत्ने (कमाइ गर्ने) पोत्ने (घरायसी काम गर्ने) भनी परिवारमा पुरुष र महिलाबीच ठूलो विभेद गरिन्छ। आधा आकाश ओगट्ने महिलाहरूको पैतृक सम्पत्तिमाथि अधिकार छैन, उनीहरू न्याय पाउन, शिक्षा पाउन र ऋण पाउने सुविधाबाट समेत वञ्चित छन्।

के यी माथि उल्लेखित घटनाहरूले नारीहरूको हक र अवसरहरू खोसिएको पुष्टि गर्दैन ? वर्षौंदेखि नारीहरू आफूमाथि भएको अत्याचार चुपचाप सहँदै आइरहेका छन्। उनीहरूको नैसर्गिक अधिकारहरू खोसिएका छन्। नारीहरू आफ्नो हक कायम गरी समाजमा प्रतिष्ठित जीवन जिउन उद्यत् छन्। नारी एउटी छोरी हो, दिदी-बहिनी हो र सबैभन्दा बढी एउटी आमा हो जसले धेरै दुःख सहेर सन्तानलाई जन्म दिन्छिन्। तर, विडम्बना त्यही नारी पुरुषहरूबाट पिटिन्छिन्, बलात्कृत हुन्छिन् र शारीरिक र मानसिक यातनाको शिकार हुन्छिन्।

महिलाको अधिकारको बेवास्ताको कारण आज अधिकांश नारीहरूले यस प्रकारको प्रताडना भोग्नुपरेको छ। वेश्यालयहरूमा बेचिनु, शारीरिक यातना खप्नु र सौता व्यहोर्नु नेपाली नारीको नियति भएको छ।

महिलाहरूलाई यस्ता हिंसाबाट सुरक्षित राखिनुपर्छ, उनीहरूलाई बढी सम्मान दिइनुपर्छ, उनीहरूलई हक प्रदान गर्नुपर्छ र निर्णय गर्ने अधिकार दिइनुपर्छ। नेपाली समाज पितृसत्तात्मक भएकाले महिलाहरूको मौलिक हकअधिकारहरू खोसिएका छन्। उनीहरू शिक्षाजस्तो आधारभूत आवश्यकताबाट वञ्चित छन्। एउटी नारी अशिक्षित भइन् भने उनले आफ्नी छोरीलाई पढाउनुपर्छ भन्ने कुरामा कुनै सार्थकता देखिन्नन्। कथंकदाचित थोरैले शिक्षा पाए भने पनि उनीहरूले काम गर्ने उचित अवसर पाउँदैनन् र आफ्नो सीपको ज्ञानको उपयोग गर्न पाउँदैनन्।

केही साक्षर महिलाहरूसमेत अन्धपरम्पराको जालोमा परेर आफ्नो सम्पूर्ण अधिकार, इच्छा, आकांक्षालाई तिलाञ्जलि दिई नारीत्वलाई नै बद्नाम गर्ने तवरले आफ्नो पतिप्रति समर्पित हुन्छन्। यस्तैगरी कार्पेट कारखाना, सिमेन्ट फ्याक्ट्री, ढुंगाखानी होस् वा घरेलु काम, सबैको प्रकृति बेग्लाबेग्लै भए पनि यी सबैमा पाइने समानता हो। बालश्रम विशेषगरी बालिकाको प्रयोग रमाएर खेल्ने बेलामा ती बालिकाहरू दुईछाकको लागि आफ्नो बाल्यावस्था गुमाइरहेका छन्। उनीहरू साँगुरो, फोहोर र अँध्यारो कोठामा जसले उनीहरूको शरीरलाई प्रतिकूल असर पार्छ। अलि हुर्केपछि ती बालिकाहरूलाई उनकै सहकर्मीहरूले यौनदुर्व्यवहार गर्छन् र केहीलाई त भारतका वेश्यालयमा लगी बिक्री गर्छन्।

त्यसरी नै प्रत्येक मिनेट महिलाहरूको कुमारीत्व लुटिन्छ। उनीहरू शारीरिक र मानसिक यातनाको शिकार बन्छन्। कलिला बालिकाहरूसमेत बलात्कृत हुन्छन्, यौनदुर्व्यवहार गरिन्छ र उनीहरू मानसिक रूपले विक्षिप्त हुन्छन्। यसरी मानसिक रूपले तनावग्रस्त महिलाहरूको संख्या कहालीलाग्दो ढंगले बढ्दैछ। तर पनि अज्ञानता, लाज र तिरष्कृत हुने डरले यस्ता कुराहरू गोप्य राख्छन्। महिलाहरू खेलौना होइनन् र यस्ता प्रकारका यौनदुर्व्यवहार यस धर्तीबाटै सदाको लागि अन्त्य गरिनुपर्छ।

साँस्कृतिक रूपमा नारीलाई दोस्रो दर्जाको नागरिक मानिन्छ र उनीहरू आफ्नो इच्छा, आकांक्षा पुरुषसरह पूरा गर्नबाट वञ्चित हुन्छन्। यदि विवाहको लगत्तै श्रीमान् परलोक भयो भने श्रीमतीलाई दोष दिइन्छ र उसले महत्वहीन जीवन बाँच्नुपर्ने हुन्छ। समाजले विधवालाई अपशकुनको रूपमा हेर्छन्। उसले पुरपुरुषसँग बोली मात्र भने पनि उसलाई उत्ताउली, इज्जतफालाको संज्ञा दिन्छन्।

त्यसरी नै चाहे त्यो पुरुषको कारणले भएको किन नहोस् यदि एउटी विवाहिता महिलाले सन्तान जन्माइन भने उसलाई अपहेलना गरिन्छ। नारीहरू सांस्कृतिक परिवर्तन चाहन्छन् जसबाट उनीहरूको आधारभूत अधिकारहरू प्राप्त होस्। महिलाहरू न्याय माग्दै छन्। सुन्ने कोही छ ?

महिलाहरू मानसिक र शारीरिक दुवै रूपमा पुरुषसरह छन्। तसर्थ महिला र पुरुष सिद्धान्तमा मात्र होइन व्यवहारमा पनि समान हुनुपर्छ।

हालैका दिनहरूमा नारीको स्थितिमा केही सुधार आए पनि उनीहरूलाई आश्रय, परामर्श, सम्मान, शिक्षा, न्याय र उनीहरूप्रतिको शालीन दृष्टिकोणको जरुरत छ। यसका लागि सामाजिक बनोटको पुनर्निर्माण, पुनरावलोकन गर्नु आवश्यक छ। कानुनी प्रावधानहरू परिवर्तन गरिनुपर्छ र सामाजिक परिवर्तन ल्याउनुपर्छ- नारीको उत्थानको लागि। नारी समानताको लागि बालिकाको मृत्युदर रोक्ने, उनीहरूको आर्थिक शोषण हुन नदिने, जोखिमपूर्ण काम गर्नबाट जोगाउने र शिक्षा प्रदान गर्नेजस्ता कार्य अत्यावश्यक छन्। नारी प्रेम, साहस, सीप, दया र शक्तिकी प्रतिरूप हो। म हरेकलाई एकपटक सोच्न आग्रह गर्छु- यदि एक दिनमात्रै पनि नारीहरू यस संसारबाट अल्पिए भने के होला ?

*ततत*

*संचारिका लेखमाला/संचारिका समूह*